# सूर्यविनायक नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

कटुञ्जे, भक्तपुर

बागमती प्रदेश, नेपाल

प.सं. : शिक्षा/०७७/७८

च.नं. : 2034

मितिः२०७७/११/१०

विषयः– संरचना परिवर्तनका लागि सचेतीकरण सम्वन्धमा।

श्री सामुदायिक विद्यालयहरु

सूर्यविनायक नगरपालिका,भक्तपुर।

प्रस्तुत विषयमा जिल्ला आयोजना कार्यान्वयन इकाई(शिक्षा)को च.नं.२७६ मिति २०७७/१०/२८ को पत्रानुसार जिल्ला आयोजना कार्यान्वयन इकाई (शिक्षा) भक्तपुरबाट निर्माणाधिन /निर्मित भवन भएका सबै विद्यालयहरुले संरचना निर्माण हुँदा भवनको जोखिमता बढाउने र भविष्यमा दुर्घटना समेत हुन सक्ने तर्फ सचेत रहँन र संरचना थप गर्न वा परिवर्तन नगर्न नगराउन अनुरोध छ। साथै जिल्ला आयोजना कार्यान्वयन इकाई,भक्तपुरको पत्र समेत यसै साथ संलग्न राखि पठाइएको छ।

बोधार्थ

सबै वडा कार्यालयहरु,सूर्यविनायक नगरपालिका,भक्तपुर।

.......................

(मनोज कुमार ढकाल)

उपसचिव

शिक्षा ,युवा तथा खेलकुद शाखा

फोन नं. ०१-६६१२१९३

website : www.suryabinayakmun.gov.np

नेपाल सरकार
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
केन्द्रीय आयोजना कार्यान्वयन इकाई (शिक्षा)

# जिल्ला आयोजना कार्यान्वयन इकाई (शिक्षा)

भक्तपुर

फोन नं. : ०१-६६३३०६९
Website : bhaktapur.dlpiuedu.gov.np
E-mail: moedlpiubhaktapur@gmail.com

प. सं. : ०७७/७८
च. नं. : २६६

मितिः- २०७७।१०।२८

**श्री जिल्ला आयोजना कार्यान्वयन इकाई(शिक्षा) भक्तपुरबाट निर्माणाधिण/निर्मित भवन भएका सवै विद्यालयहरु ।**

**विषय :- संरचना परिवर्तन गर्नकालागि सचेतीकरण सम्बन्धमा ।**

प्रस्तुत विषयमा वि.स. २०७२ बैशाख १२ गतेको विनाशकारी भुकम्प तथा त्यस पश्चात पराकम्पनका कारण देशको विभिन्न स्थानमा भौतिक संरचनाको विनास हुनुका साथै मानविय क्षति भएको कुरा स्मरण नै हुनुपर्छ । उक्त विनासकारी भुकम्पबाट क्षतिग्रस्त र प्रयोगमा अयोग्य भएका संरचनाहरुको स्थानमा केन्द्रीय आयोजना कार्यान्वयन इकाई (शिक्षा) मार्फत जिल्ला आयोजना कार्यान्वयन इकाई ( शिक्षा) को समन्वयमा विद्यालय व्यवस्थापन समितिद्धारा त्यस विद्यालयको निर्माणाधिन / निर्मित भवनहरु भुकम्प प्रतिरोधि बनाउने उद्देश्यका साथ २ कोठे, ३ कोठे, ४ कोठे, ६ कोठे र ८ कोठे भवनहरु Type Design अनुसार निर्माण कार्य भइरहेको विदितै छ ।

उक्त निर्मित संरचनाहरुको माथि अन्य संरचनाहरु निर्माण हुदाँ यसले भवनको जोखिमता बढाउने र भविष्यमा दुर्घटना समेत हुन सक्ने तर्फ सचेत रहन र त्यसरी संरचना थप गर्न वा परिवर्तन नगर्न नगराउन अनुरोध छ ।

.............................
भरत बहादुर श्रेष्ठ
(इकाई प्रमुख,उप सचिव )

अवगार्थ
श्री केन्द्रीय आयोजना कार्यान्वयन इकाई(शिक्षा),ज्ञानेश्वर,काठमाण्डौ
श्री भक्तपुर न.पा.,भक्तपुर
श्री चाँगुनारायण न.पा.,भक्तपुर
श्री सुर्यविनायक न.पा.,भक्तपुर
श्री मध्यपुर ठीमी न.पा.,भक्तपुर